


लोकतान्त्रिक गणतन्त्रको एकमात्र आधार ''सत्य, तथ्य र खोजमुलक समाचारको संवाहक''

# कृपा दैनिक

❖ वर्ष :- ४ ❖ अंक - ३२६ ❖ २०६४ माघ १७ गते विहीवार 2008 Jan 30 ❖ मूल्य रू. २/- ❖ पृष्ठ संख्या :- ४



## सूचना सूचना सूचना

५ बर्षके निचेके सम्पूर्ण बच्चा सबके पोलियो थोपा खियाँई आ लुल्ला लङ्ड तथा अपाङ्ग होये से बचाँई । ई सब अपनेके वार्डमे तथा खोप क्लिनीकमे ले जाके महिला स्वास्थ्य स्वंयम सेवीका दिदि से खियवाई ।

पोलियो थोपा खियाबेके मिति इहे माघ १९ गते से माघ २० गते तक खियावल जा रहल बा ।

**जिल्ला स्वास्थ्य कार्यालय**
**बारा**


## बन्द र बम विस्फोटका बाबजुद पनि सभा सम्पन्न

# पर्साका प्रजिअ सहित विस्फोटमा परी ४६ घाइते

■कृपा संवाददाता —
कलैया, १६ माघ, सात राजनीतिकदलको गठबन्धनले आयोजना गरेको अन्तिम चुनावी घोषणा सभा बुधवार बन्द र बम विस्फोटका बाबजुझ पनि सम्पन्न भएको छ ।

निर्धारित समयभन्दा झन्डै दुईघण्टा पछि संचालित सो सभा भइरहेकै बेला सभा स्थल बाहिर बम विस्फोट भएको छ। यद्धपी बम विस्फोट र बन्दका बामजुझ पनि सातदलको देशब्यापी चुनावी घोषणा सभा अन्तरगतको सातौ तथा अन्तिम सभा वीरगंज स्थित नारायणी रंगशालामा सम्पन्न भएको छ ।

सभालाई संम्बोधन गर्दै नेपाल सद्भावना पार्टी आनन्दी देवीकी केन्द्रीय प्रवक्ता सरिता गिरीले मधेशमा गोली चलेका बेला मंत्री बनेकाहरुले नै अहिले मधेशमा आतंक मच्चाइरहेको आरोप लगाउनुभयो । उहाँले यदी चैतमा चुनाव नभए नेपाली जनताले नै पराजय भोग्न पर्ने चेतावनी दिनुभयो । त्यसैगरी नेकपा माओवादीका सचिवालय सदस्य वर्षमान पुनले नेपाल अहिले गम्भीर मोडमा उभिएको कुरा बताउनुभयो । तराईमा भूमिगत सबै संगठनलाई आफ्नो पार्टीमा आउन समेत उहाँले आनग्रह गर्नुभयो । सभालाई नेकपा एमालेका भरत मोहन अधिकारीले संबोधन गर्दै चैत २८ को संविधान सभालाई उत्सवको रुपमा लिनुपर्नेकुरा गर्नुभयो ।



मञ्चमा आसीन सातै दलका केद्रीय प्रतिनिधिहरु । *तस्वीर: राम क्षेत्री*



भाषण सुन्दै स्थानिय जनताहरु । *तस्वीर: राम क्षेत्री*

### गम्भीर घाइते भएकाहरू

विमल कार्की, लाहान
गर्ज प्रसाद, पर्सा उदयपुर
मुनि प्रसाद, पर्सा उदयपुर
आरती प्रसाद, पर्सा उदयपुर
राम प्रसाद यादव, रौतहट

### अन्य घाइते भएकाहरू

बारा सिमराका यदु गौतम, पर्सा उदयपुर घुर्मीका किशोरी यादव, बाराको सिमराका कृष्ण खनाल , रौतहटका फिरोज आलम , लाहान की बिमला कार्की , बारा बटौलियाका शिव चन्द्र चौधरी ,बिलोकी चौधरी , मकवान पुरका प्रदिप लाल श्रेष्ठ , सानुभाई विक , रामचन्द्र अर्याल , पर्साको उदयपुर घुर्मीका धुब्र प्रसाद पटेल , राम अशिष प्र यादव , गगन देव राउत , छोटेलाल साह , धर्म देव यादव , राज कुमार पटेल , बलिराम प्रसाद

- शेष: पृष्ठ ३ मा

नेपाली काग्रेसका केन्द्रीय सदस्य एवं वातावरण, विज्ञान तथा प्रविधि मंत्री फरमुल्लाह मंसुरले सभालाई संबोधन गरिरहुदा सभा बाहिर बम विस्फोट भएपछि सभा आतंकित बन्न पुगेको थियो ।

- शेष: पृष्ठ ३ मा

## पाठेघर खस्ने रोग महिलामा अत्यधिक

लहान, १६ माघ । सिरहा जिल्लामा पाठेघर खस्ने महिलाको सङ्ख्या अत्यधिक रहेको पाइएको छ । कम उमेरमा गर्भवती हुनु, सुत्केरी महिलाको उचित स्याहारसुसार नहुनु, जथाभावी यौनसम्पर्क राख्नु र सुत्केरी अवस्थामा गाह्रो सामान उठाउनुजस्ता कारणले पाठेघर खस्ने गरेका छन् ।

एक तथ्याङ्कअनुसार सिरहा जिल्लाका कुल महिलामध्ये ३० प्रतिशतमा पाठेघर खस्ने समस्या रहेको छ । सबैभन्दा बढी बस्तीपुर, पडरिया र गोविन्दपुर गाविसका ७० प्रतिशत महिलामा यो रोग देखापरेको तथ्याङ्कले देखाएको छ । यस्तै भदैया गाविसका ६७ प्रतिशत महिलामा यो रोग देखिएको छ । उमेरका दृष्टिले पन्ध्रदेखि ८० वर्षसम्मका महिलामा पाठेघर खस्ने समस्या रहेको छ भने तराईका दलित जातिमा सबभन्दा बढी ३६ प्रतिशत महिलामा यो रोग देखिएको छ । तर आर्थिक अभावका कारण उनीहरू उपचार गराउन भने सक्षम छैनन् ।

यसैबीच पाठेघर खस्ने समस्या पीडित मञ्चद्वारा हिजो सिरहामा आयोजित समस्या

- शेष: पृष्ठ ३ मा

## श्रृंखलाबद्ध वम विस्फोट, एक बालक घाइते

# बम विष्फोटको भर्त्सना

■कृपा संवाददाता —
कलैया, १६ माघ / कलैया नगरपालिका-५ मा वुधवार विहान आठ बजे सुतली वम विष्फोट हुँदा एक दश वर्षीय बालक घाईते भएका छन् ।

मुन्ना तेल उद्योग अगाडि सडकमा राखिएको वम खेलाउदा दिनेश सिंह क्षेत्रीका दश वर्षीय छोरा संजिव सिंह क्षेत्री घाईते भएको प्रहरी उपरीक्षक हेमन्त वहादुर पालले वताउनु भयो । गम्भीर घाइते भएका ती बालकको उपचार कलैयामा हुन नसकी थप उपचारको लागि वीरगंज स्थित नारायणी उपक्षेत्रिय अस्पतालमा लगिएको छ । वम विष्फोटको जिम्मेवारी संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले लिएको छ । मोर्चाका जिल्ला संयोजक जितेन्द्र तिवारीले संचारकर्मीलाई टेलिफोनगरी विष्फोटको जिम्मेवारी लिएका हुन् ।

यता, तराई मुक्ति मोर्चाले मंगलवार राती दश वजे वघवन गाउँमा ग्रिनेट विष्फोट गराएको छ । विष्फोटबाट कुनै क्षति नभएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । विष्फोटको जिम्मेवारी तराई जनमुक्ति सेनाका बारा, पर्सा र रौतहटका प्लाटुन कमाण्डर अग्निले लिएका छन् । त्यस्तै जनतान्त्रिक तराई मुक्ति मोर्चा पृथ्वी समुहले जिल्ला प्रशासन कार्यालय पछाडि र सिसहनिया चौकमा सुतली वम विष्फोट गराएको छ । मोर्चाका जिल्ला इन्चार्ज आकाशले विष्फोटको जिम्मेवारी लिएको छ । विष्फोटबाट कुनै क्षति भएको छैन । वीरगंजमा भएको सातदलको चुनावी सभालाई लक्षित गर्दै तराईका आधा दर्जन सशस्त्र समुहले विष्फोट गराउँदै जिल्ला वन्द गरेको हो । बन्दका कारण सवारी साधन नचल्नुका साथै वजार, व्यवसाय, शैक्षिक संघसंस्था वन्द रहेका छन् ।

त्यसैगरी तराईमा आन्दोलन रत विभिन्न संगठनहरुले वुधवार बारा कै चयनपुर र रामपुर तथा दिल्ली पब्लिक स्कुल अगाडि एक ट्याक्टर सहित चार वसमा वम विष्फोट गराई आगजनी गरेको समाचार समेत प्राप्त भएको छ । पर्साका विभिन्न ठाउमा समेत वम विष्फोट भएको छ । खासगरी पोखरिया, हरपतगंज

- शेष: पृष्ठ ३ मा

## ज्वाला समूहद्वारा मसाल जुलुस प्रदर्शन

■कृपा संवाददाता —
वीरगंज, १६, माघ

तराई जनतान्त्रिक मुक्ति मोर्चा ज्वाला सिंह समूहले बुधबार साँझ पर्साको क्षेत्र नं. १ जगरनाथपुर चौकमा मसाल जुलुस प्रदर्शन गरेको छ ।

क्षेत्र नं. १ का ईन्चार्ज रोशनको नेतृत्वमा रहेको २५ जनाको कार्यकर्ताहरुले मसाल जुलुस निकाली, टायर बाली सडक अवरुद्ध पारेको पर्सा जिल्ला ईन्चार्ज तुफान सिंहले टेलिफोन मार्फत जानकारी दिनुभयो ।

त्यसैगरी जिल्लाकै गरदौल चौकमा दिनको २ बजे काटुनमा राखिएको बम सशस्त्र प्रहरीले निस्कृय पारेको छ। सो क्षेत्रका ज्वाला समूहका सह कमाण्डर आकाशको नेतृत्वमा बम राखिएकोमा ३ वटा बम विष्फोट भएको उक्त मोर्चाले जनाएको छ ।

## अनमिनद्वारा बम विष्फोटको कडा शब्दमा भर्त्सना

■कृपा संवाददाता —
वीरगंज, १६, माघ/ संयुक्त राष्ट्र संघीय उच्च आयोगका नेपाल स्थित प्रतिनिधी ईयान मार्टिनले बुधबार सात दलले वीरगंजमा आयोजना गरेको सभामा भएको विष्फोटको कडा शब्दमा भर्त्सना गर्नुभएको छ ।

एक प्रेस विज्ञप्ती जारी गरी मार्टिनले सभामा गरिएको विष्फोट मानवीय सम्बेदनाको जघन्य अपराध भएको टिप्पणी गर्नुभएको छ । जनताको शान्तिपूर्ण बाच्न पाउने अधिकार माथि समेत प्रश्न चिन्ह खडा भएको मार्टिनद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ ।

नजिकिदै गरेको संविधान सभाको चुनावको समयमा यस्ता किसिमका घटना घटनुलाई संयोग मात्र भन्न नसकिने विज्ञप्तीमा जनाइएको छ । दोषीलाई तत्काल पक्राउ गरी कानुनको कठघरामा उभ्याउन र आन्दोलनरत सबै पक्षसंग वार्ता गर्न मार्टिनले सरकारलाई सुझाव समेत दिनुभएको छ। वीरगंजको सो सभालाई संयुक्त राज्य संघीय प्रतिनिधी लगायत आधा दर्जन मानवअधिकारवादी संगठनहरुले अनुगमन गरेका थिए ।

यसैबीच सात दलको आमसभामा भएको विष्फोटको बारा पर्साका विभिन्न राजनीतिक दल, नागरिक समाज, मानवअधिकार संगठन लगायतकाले भर्त्सना गरेका छन् । नेपाली मानव अधिकार तथा शान्ति समाज बाराका सभापति हरि प्रसाद थपलियाले विज्ञप्ती जारी गरी विष्फोटको भर्त्सना गर्नुभएको छ ।

त्यसैगरी नेपाल जनता पार्टीका केन्द्रीय महासचिव विनय यादवले पनि विज्ञप्ती जारी गरी उक्त घटनाको भर्त्सना गर्नुभएको छ। त्यसरी नै जिल्ला स्थित विभिन्न राजनीतिक पार्टीका भातृ संगठन र मातृ संगठनले पनि विष्फोटको भर्त्सना गरेका छन् ।



सभाका दृष्य क्यामरामा कैद गर्न खोज्दै संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरु । *तस्वीर: राम क्षेत्री*

## शान्तिको बाटो अवलम्बन गर्न मन्त्री चौधरीको आग्रह

■कृपा संवाददाता —
वीरगंज, १६, माघ / कृषि राज्यमन्त्री एवं नेकपा एमालेका केन्द्रीय सदस्य नागेन्द्र चौधरीले शान्तिको बाटो अवलम्बन गर्न तराईमा आन्दोलनरत पक्षलाई आग्रह गर्नुभएको छ ।

नेकपा एमाले वीरगंज उपमहानगरपालिका वडा नं. १६ ले बुधबार आयोजना गरेको उहांको सम्मान कार्यक्रममा बोल्दै राज्य मन्त्री चौधरीले यस्तो आग्रह गर्नुभएको हो । उहांले वार्ता र सम्वाद विना समस्याले निकास नपाउने ठहर समेत गर्नुभएको छ । यद्यपी राज्यमन्त्री चौधरीले सरकारले तराईमा आन्दोलनरत पक्षलाई बारम्बार वार्तामा आउन आग्रह गरेको भएपनि उनीहरु आउन नचाहेको आरोप लगाउनु भयो । संविधान सभाको निर्वाचन नेपाली जनताले चाहेको निर्वाचन हुनाले यसलाई रोक्न कसैले नसक्ने दावी गर्नुभयो ।

१६ नं. वडाका अध्यक्ष हिरा गौतमको सभापतित्वमा सम्पन्न सो कार्यक्रमलाई नेकपा एमाले पर्साका प्रचार प्रमुख किशोरी कुशवाह लगायतले सम्बोधन गर्नुभएको थियो ।

## कुन चै शहिदलाई संझने दिवसमा भन्छन्, नागरिकहरु

माघ १६ गते नेपालको इतिहासमा धेरै लामो समयदेखि शहिद दिवस मनाउदै आइएको हो । शहिद दिवस विगत लामो समयदेखि नोपलमा मनाउदै आइएको हो । विशेषगरी तानाशाही जहानियाँ राणा, शासकका विरुद्ध आफ्ना प्राण आहुती दिने तिनै गंगालाल श्रेष्ठ, दशरथ चन्द्र जोशी, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीको संझनामा सहिद दिवस मनाउने गरिएको हो ।

तर अव त केवल ति चारजनाको संझनामा मात्र सहिद दिवस मनाउने भन्ने कुरा भएन भन्छन् नागरिकहरु । २००७, २०३६ सालमा, २०४६ सालमा र २०६३ सालमा भएका आन्दोलनका क्रममा ज्यान गुमाउनेहरु पनि सहिदमा गनिन पुगसिकेका छन् ।

**कृपा दृष्टि**

सहिद दिवस मनाउदै गर्दा सहिद जन्माउनेक्रम जारी रहेको छ ।

अहिले पनि तराईमा हत्या, हिंसा जारी छ ।जसले जुन उद्देश्यले मारेपनि आखिर ति नेपाली नागरिक नै हुन् । नेपाली नागरिक भएपछि सहिदको रुपमा एक पटक स्मरण गर्नु अन्याय पक्कै पनि नहोला । जनता मर्नेक्रम जारी रहको छ । प्राय दिनमा एउटा नागरिक कुनै पनि कारणले ज्यान गुमाउन परेको छ ।

त्यसो त माओवादी जनयुद्धका क्रममा १५ हजार नेपाली जनतको ज्यान गएको छ। संभवत: त नेपाल कै इतिहासमा सवैभन्दा वढी ज्यान गएको यही अवस्था हो । ति नागरिकलाई पहिलो सहिद मान्नुपर्छ भन्छन् सारा नेपाली जनता त्यसपछि गरी कपिलवस्तुका घटनालाई अनि अन्य घटनामा ज्यान गुमाउनेलाई सहिद भन्नुपर्छ भन्छन्, नागरिकहरु ।

**महावाणी**

ध्यायतो विषयान्पुंसः संगस्तेषूपजायते ।
संगात्सञ्जायते कामः कामात्क्रोधोभिजायते ।।

*When a man allows his mind to muse on the objects of sense-enjoyments, an attraction for them is created. Attraction develops into craving and from craving follow causes for anger.*

**प्रधान सम्पादक** : नवराज उपाध्याय
**प्र. निर्देशक/सम्पादक** : कमल कुमार उपाध्याय
९८४५०४१८८५,९८०४२७७३२२
**कार्यकारी सम्पादक** : कृष्णउदास खनाल, विनोद प्याकुरेल
**प्रकाशक/मुद्रक** : कुशल प्रकाशन अफसेट प्रेस, बारा
**विशेष सहयोगी** : ओमप्रकाश ठाकुर / रमेश तिमल्सिना
**आई.टी. प्रमुख** : भुवन कुमार झा
कार्यालय- आचार्य इलेक्ट्रोनिक्स, भरतचौक, कलैया
फ्याक्स नं. ०५३-५५०५६६,
श्रीपूर, वीरगंज-१६,
फोन नं. ०५१-५२४३६६, फ्याक्स ०५१-५२३०७६
**e-mail**:– kreepadaily@gmail.com
http://kreepa.wordpress.com

## सम्पादकीय.....

## एक पटक अग्नी परीक्षामा होमिऔं

*वास्तवमा नेपालमा पछिल्ला राजनीतिक घटनाक्रमलाई नियालेर विश्लेषण गरेर हेर्ने हो भने संविधान सभाको आवश्यकता ज्यादै खड्किदै गएको छ। सरकारले ०६४ चैत २८ गतेका लागि संविधान सभाको चुनावको तिथि पनि तय गरिसकेको छ । यदी तोकिएको समयमा नै चुनाव नहुने हो भने संभवत: नेपालमा राजनीतिक जटिलता उत्पन्न हुनेछ र त्यसपछि के हुन्छ भन्न सकिने अवस्था पनि छैन ।*

*जनआन्दोलन भाग दुईको मुख्य म्यान्डेड पनि संविधान सभाको चुनाव सम्पन्न गराउन नै थियो तर अहिले सरकारमा वसेका तथाकथित मन्त्रीहरु नै जनआन्दोलनको भावना विपरित अभिव्यक्ति दिन थालेका छन् । कतै राजा ज्ञानेन्द्रका प्रवक्तालाई त सरकारमा पठाइएको होइन भन्ने जनतालाई परेको छ । संविधान सभाको चुनाव दुई पटकसम्म स्थगित गरिएको छ ।*

*प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले हिजो एक कार्यक्रममा वोल्दै चुनाव गराई छाड्ने प्रतिवद्धता जनाएका छन् । यदी चैत २८ को चुनाव जसले स्थगित गर्न खोज्छ त्यो नेपालको इतिहासबाट नै पतन हुनेछ भन्ने कुरा नेताहरुले वुझेका हुन् वा वुझ्न नै वाँकी छ, त्यो समयले देखाउने कुरा हो । तराई, पहाड जहाँका जुनसुकै संगठन भएपनि यो महान अग्नी परीक्षामा एक पटक होमिऔं जो यो अग्नी परीक्षामा सफल हुनेछ ऊ नै नेपालको वास्तविक पार्टी हुनेछ ।*

# आएछ भने कही कतै भूइचालो तिम्रो साटो मै मर्न पाउँ है, सानु

**आत्मकथा आत्मव्याथा**
**कृष्ण उदास खनाल**


"अस्तितिर निकै भूइचालोको कुरा उठाइएको थियो । कतै भूइचालो पनि आउँदैन । एकैचोटी गलामा पासो लगाएर मोरौ भने त्यसरी मर्न पनि सक्दिन् । वाढी आएको वेला वढेको खोलामा हामफालौ भनौ भनेपनि हिउदमा खोलामा कहाँ वाढी आउछ र ? वरु दैवि प्रकोप भए त एकैचोटी मरिन्थ्यो, ढुक्कै हुन्थ्यो हजुर के गर्ने भन्ने वित्तिकै काल कहाँ आउछ र ? जीवनदेखि मलाई वैराग लागिसकेको छ । भूइचालो आए त एक्लै मरिन्थेन तर उसलाई चै नलैजाओस भूइचालोले । मिल्ने भए मोरे आयु थपेर भएपनि उसलाई दिर्घायु वनाइदिन्थे ।"

उल्लेखित भनाईहरु वीरगंज उपमहानगरपालिका घर भएकी स्मृति शर्मा नाउँ परिवर्तनका हुन् । आफ्नो स्थायी घर नै वीरगंज वताउने स्मति आफ्नो जीवनमा कसैले खेलवाड गरेकोकुरा गर्दै नैराश्यताका कुरा गर्दै अगाडि उल्लेखित कुरालाई पुष्टी गर्छिन्- "म माडवारी समाजकी केटी भएकाले होला हाम्रो पनि एउटा आफ्नै दायित्व र कर्तव्य थियो । सिमित अनुशासनको घेराभित्र वसेर पढ्न पथ्यौं तर पढ्न विद्यालयमा त गइन्थ्यो । म वीरगंजकै एक नाउँ चलेको बोर्डिङ्गमा पढेको हो । कक्षा दशमा पढ्दै गर्दा जातले ऊ नेवार थियो । उसँग मेरो बोलचाल हुन थाल्यो । त्यति नराम्रो कुरा हामी वीच केही हुदैन्थ्यो । विस्तारै विस्तारै प्रवेशिका परीक्षा हामीले दियौ । पढाईमा दुवै ठीकै भएकाले दुवैले राम्रोसँग प्रवेशिका परीक्षा पास गऱ्यौ तर संयोगवश नै कलेज पनि हाम्रो एउटै पऱ्यो । विस्तारै-विस्तारै उसको मेरो सम्वन्ध अव केवल साथीमा मात्र रहने भएन । जवानीले पनि छोएकोले होला हेराईमा पनि परिवर्तन हामीमा आउन थाल्यो ।"

झट्ट हेर्दा चन्चलले स्वभावकी देखिने शर्माले एकपटक धोका खादैमा आत्तिनु पर्ने कारण किन रहयो त भन्ने प्रश्नको जवाफमा उनी अगाडि भन्छिन्-"केवल सामान्य कुरा हामीवीच भएको थिएन । उसले एकदिन मलाई फूल दिएर आइ लभ यू भन्यो मैले सोचौला भनेर जवाफ दिए । आखिर म पनि एउटी केटी थिए । सपनाको महल मेरो पनि वनिसकेको थियो । भोलिपल्ट मैले पनि उसलाई फूल दिएपछि सायद बाटो खुल्यो हाम्रो पीरतीमा । यो पिरती भन्ने कुरा ज्यादै टेन्सन हुँदो रहेछ । एकछिन नदेखेपनि पागल जस्तो हुने । उसले एकदिन मलाई घर जाउँ भन्यो । मैले पहिला त मानिन किनकी उसका घरमा उसका सवै परिवार होलान भन्ने मलाई लागेको थियो तर उसको घरमा पुग्दा त कोही रहनेछन् । सवै परिवारका सदस्य विवाहमा गएको कुरा वतायो । मैले पनि घरमा फोन गरे म साथीको घरमा छु आज त्यही वस्छु भनेर भने ।

घरमा कोही नभएकोले उसले मलाई नै खाना पकाउन आग्रह गऱ्यो । दुवै जना मिलेर दुई जनाका लागि खाना वनायौ । खाना खाएपछि मैले एक पटक उसलाई घुर्की देखाउन घर जान्छु भने तर उसले रोक्यो । रातको त्यस्तै ९/१० वजेको थियो होला । हामी दुवै एउटै कोठामा थियौ । एकै छिन त पढाईका वारेमा कुरा भएका थिए तर पछि पिरतीका वारेमा कुरा हुन थाल्यो । उसले मलाई नेपाली शव्दकोषमा भएका सवै शव्द हालेर प्रसंशा गऱ्यो । म मख्ख थिए । अन्तमा उसले एउटा वाचा मलाई गऱ्यो । म कदापी तिमीलाई छाड्दिन भनेर उसले मलाई भन्यो । मैले पनि त्यसपछि माया देखाउन पर्ने भयो । उसको अँगालोमा म एकैचोटी वाधिन पुगेछु । विस्तारै उसका कोमल हातहरु मेरा अत्यन्तै संवेदनशील अंगतिर ल्याउन थाल्यो । मलाई त काउकुती लागेको थियो तर त्यो काउकुती ख्यै कहाँ गएर विसो भयो थाहा भएन ।"

कुरकुरे वैशमा भएको त्यो क्रियाकलाप नै आफ्नो लागि दुर्भाग्य भएको तर्क प्रस्तुत गर्ने स्मृति त्यस पछाडिका घटनाक्रमलाई अन्तमा यसरी छोट्याउछिन्-" विहान भएपछि म घर फर्की अव त मलाई चैन हुन छाडिसकेको थियो । ऊ



विना मलाई लाग्दैनथ्यो म बाँच्छु होला भनेर । सधै उसैलाई भेट्न मन लाग्थ्यो । तर ऊ भने जति मसँग पहिला नजिकन्थ्यो त्यति टाढिन थाल्यो । एकदिनको कुरा थियो मेरो दाई ठूलो वुवाको छोरा काठमाडौमा वस्नुहुन्थ्यो । उहाँ वीरगंज आउनु भएको थियो । उहाँले मलाई वीरगंजका रमाइला ठाउँ घुमाउन आग्रह गर्नुभयो । त्यसक्रममा मैले उहाँलाई लिएर घडीअर्वा पोखरीमा गए । पोखरीको ठीक दक्षिणपट्टी उसलाई देखे । एक्लै थिएन । एउटी केटी त्यो पनि उसको काखमा म केही वोल्न सकिन किनकी साथमा दाई हुनुहुन्थ्यो । मलाई चक्कर लाग्न खोज्यो भनेर दाईलाई भने त्यहीबाट हामी फर्कियौ । म साँच्चैको विरामी पो भएछु तर रोग विनाको । भोलिपल्ट उसलाई कलेजमा भेटेर कुरा गर्न खोज्दा उसले मलाई कहिल्यै समय दिएन । आखिर उसैको कारणले म तड्पिएको छु त्यसैले कही भूइचालो आयो भने उसको साटो म मर्न पाउँ भनेकी हुँ ।"

# धर्म निरपेक्षताको घोषणाले गुमेको छ जनआन्दोलनको उपलव्धी

**उमेश गुप्ता**

नेपालमा लोकतन्त्रको पुनरोदयसँगै जनहित साधक र राष्ट्रिय एकताको वाहक राजनीतिक व्यवस्थाको निर्माणतिर देश अग्रसर हुने सार्वभौम जनताको जनभावना रहेको थियो । त्यसको लागि नया संविधान वनाउने तरखरमा देश लागेका थियो । तर नयाँ संविधान निर्माणको बाटो विराएर हिन्दू जीवन पद्धति माथि कुठाराघात गर्दै देशको एकात्मकतालाई नष्ट गरेर गरिएको धर्म निरपेक्षताको घोषणाले जनता स्तम्भित भएका थिए । सत्ता लोलुपता, क्षुद्र राजनीतिबाट स्वार्थ पूर्ति गर्ने र "विभाजित गरौ र शासन गरौ" को हतियार प्रयोग गने काम नै राजनीतिको पर्यायवाची बन्न पुगेको कुरा आज समस्त देशभक्तका लागि चिन्ताको विषय वनेको छ । नेपाल चिरन्तनरुपमा हिन्दू राज्य रही आएको छ । यो ऐतिहासिक र वास्तविक तय हो । जुन दिन सात दलले चर्च प्रभावित राष्ट्रहरुको इशारामा धर्म निरपेक्षता को घोषणा गऱ्यो । त्यसै बखत जन आन्दोलनको उपलव्धी देशले गमुायो । अहिलेको सत्ता लोलुप राजनीतिले राष्ट्रिय एकता स्थापित गर्ने ठाउमा निरन्तर चलिरहने भाषिक, क्षेत्रीय र जातीय द्वन्दहरुको विजारोपण गर्ने काम गरेको छ । अव देशमा चल्ने आन्दोलन धर्मको आन्दोलन, एकात्मकताको आन्दोलन हुनेछ ।

नेपाल विश्वकै एक मात्र हिन्दू राष्ट्र भएपनि हामी कहाँ गौरवशाली धार्मिक सहिष्णुताको इतिहास छ । तर जनआन्दोलनमा अभिव्यक्त नभए पनि जनआन्दोलनकै निहुमा देशलाई धर्म निरपेक्ष घोषित गरिएको थियो । नेपाल चिरन्तनरुपमा हिन्दू राज्य रही आाएको छ । यो ऐतिहासिक र वास्तविक तथ्य हो । तर चर्च प्रभावित देशहरुको इशारामा नेपाललाई धर्म निरपेक्ष घोषित गरियो ।

नेपाल हिन्दू राष्ट्र हो । हामीलाई हिन्दू राष्ट्र चाहियो । हामी हिन्दू नामले नै चिनिन्छौ । हामीले हिन्दू नामले जिउन र मर्न राम्रो लाग्छ । हाम्रो लागि राष्ट्र पहिले हो, राष्ट्र चलाउने राजनीतिक व्यवस्था पछि। राजनीति राष्ट्रको लागि र राष्ट्रको अनुरुप हुनुपर्दछ । यस वास्तविक तथ्यलाई कसैले नकार्न सक्दैन । हिन्दूत्वको व्याख्या गर्न कुनै पुस्तकीय

> *सत्ता लोलुपता, क्षुद्र राजनीतिबाट स्वार्थपुर्ती गर्ने र "विभाजित गरौ र शासन गरौ" को हतियार प्रयोग गर्ने काम नै राजनीतिको पर्यायवाची बन्न पुगेको कुरा आज समस्त देशभक्तका लागि चिन्ताको विषय बनेको छ । नेपाल चिरन्तनरुपमा हिन्दू राज्य रही आएको छ । यो ऐतिहासिक र वास्तविक तथ्य हो ।जुन दिन सात दलले चर्च प्रभावित राष्ट्रहरुको इशारामा "धर्म निरपेक्षता" को घोषणा गऱ्यो त्यसै वखत जन आन्दोलनको उपलव्धी देशले गुमायो । अव देशमा चल्ने आन्दोलन धर्मको आन्दोलन, एकात्मकताको आन्दोलन हुनेछ ।*

सहारा आवश्यक छैन । हिन्दुत्व एउटा जीवन पद्धती हो । धर्म उसको आधार हो । राष्ट्रको रुपमा जीवित रहने उसको तीव्र इच्छा नै यस धर्मको व्याख्या हो ।

राष्ट्रियताको तत्व यदि इग्लैगं, अमेरिका, जर्मनी, इटली र जापान आदि राष्ट्रमा विद्यमान छ भने हाम्रो देशमा पनि ती तत्वहरु हिन्दू राष्ट्र र संस्कृतिको बनावट भित्र विद्यमान छन् । हाम्रो राष्ट्रियताको मुल तत्वको रुपमा हामीले हिन्दूराष्ट्र स्वीकार गर्नुपर्छ । नेपाल महान राष्ट्र हो किनभने यो राष्ट्रियताको मुल तत्वबाट सुशोभित छ ।

हामी सवै प्रहार र आघातबाट आफ्नो संस्कृति र विशिष्टतालाई सुरक्षित राख्दै जीवित छौ । यसको कारण हिन्दूत्व नै हो । रोम र मिश्र आदि राष्ट्रहरुको जस्तै हामी मरेका छैनौ । यही हिन्दूत्वको शक्ति हो । हाम्रो धर्म संस्कृति सक्षम र शक्तिशाली भएकोले हामी वाचेका हौ ।

हिन्दू मौलिक रुपमा लोकतान्त्रिक प्रवृति लिएर जन्मन्छ । आफूसँग असहमत विचार अभिव्यक्त गर्नेसँग पनि सदभाव राख्दछ । इतर मतावलम्वीसँग विद्धेषपूर्ण भाव राख्ने हिन्दू प्रवृति हैन । यहुदीलाई विश्वको समस्त ठाउमा दु:ख दिइयो । तर हिन्दूले प्रेम र सदभाव दिई आदर प्रदान गरे । इजराइल सरकारद्वारा प्रकाशित पुस्तकमा स्पष्ट उल्लेखित छ यो तथ्य । के आज पाकिस्तान, वंगष्लादेश, अरव, इसाई देशमा इतर मतावलम्वीसँग कसतो व्यवहार भइरहेको छ ? फ्रान्समा सिखले पगडी लगाउदा आपत्ती गरिन्छ । खाडी देशमा हिन्दूलाई पुजास्थल निर्माण गर्न दिइदैन । नेपाललाई हिन्दू राष्ट्रको सनातन तथ्यबाटनकार्नु विवेकसम्मत र तर्कसंगत छैन विभ्रम फैलाई हिन्दूलाई अनैतिक ठहऱ्याउनु षडयन्त्रमूलक प्रयत्न हो ।

स्वामी विवेकानन्द भन्नुहुन्छ -" राष्ट्रको प्राण धर्म हो । यसको भाषा धर्म हो । यसको भाव धर्म हो । धर्म नै राष्ट्ररक्षाको कवच हो । धर्म जीवन कला हो, सत्यको पर्याय हो, सात्विक वुद्धिले अर्काको कल्याणार्थ गरिएको शुभ कम नै धर्म हो । सत्य, दया, शान्ति, अहिंसा धर्म हो - धर्मको लक्षण हुन - धृति, क्षमा, दया, अस्तेय, शौच, इन्द्रिय निग्रह, धी, विद्या र अक्रोध । यी विरुद्ध जानु नै धर्म निरपेक्षता हो । उपासना पद्धति धर्म होइन मत - पंथ हो ।" अंग्रेजीमा यसलाई रिलिजन भनिन्छ । रिलिजन धर्मको पर्याय होइन । धर्म व्यक्तिगत जीवन र समाज जीवनका सन्चालक तत्वहरुको समुच्चय हो । पुजापाठ, व्यक्तिगत रुची, अरुचीको विषय हो । पजा पद्धती, उपासना को पन्थ मत आदिलाई नै सम्प्रदाय भनिन्छ । धर्म र सम्प्रदाय फरक कुरा हुन ।

धर्मको निरपेक्षता तुष्टीकरण हो अल्पसंख्यकवाद, भाषावाद जातीवाद, क्षेत्रवादलाई प्रश्रय दिनु मात्र यसको उद्देश्य हो । धर्म निरपेक्षताले सम्प्रदायिकतालाई वढावा दिन्छ । साम्प्रदायिकताको उदय र प्रवर्द्धनको साथै धार्मिक उग्रताको जन्म धर्म निरपेक्षता को आवरणमा हुन्छ । धर्म जोडने तत्व हो, तोडने होइन । धर्मको निषेध खतरनाक हुन्छ ।

सेकुलर वा धम निरपेक्षता शव्दको वास्तविक अवधारणा के हो ? वास्तवमा यो पश्चिमबाट आयातित धारणा हो । यसलाई आँखा चिम्लेर स्वीकार गर्नु बुद्धिमानी र विवेकसम्मत हुन सक्दैन । सेकुलर शव्द प्रथमत: ग्रीक भाषामा प्रयोग भयो । यसको अर्थ सांसरिक अध्यात्म विरोधी र ईश्वरको अस्तित्वलाई नमान्नु थियो । इसाई मतको प्रभाव र विस्तार पछि जो यसको विरोधी थिए जस्तै फ्रान्समा गोथ्, जर्मनीको वन्डालस मध्य एशियाको हुणलाई धर्म विरोधी वा सेक्युलर भनिन्थ्यो । युरोपमा कान्स्टेंटाइनले इसाई मत विरोधीलाई सेक्युलर भनी उनीहरुलाई नास्तिक र राजद्रोही भने । आज चर्चले आफुलाई स्थापित गर्न नेपाल र भुटान जस्ता मुलुकमा हिन्दू र बौद्ध धर्म मास्न सेक्युलरिज्मको अवधारणा प्रयोग गरि रहेको छ ।

# संविधानसभाको विकल्प नरहेको: देउवा

मङ्गलबारे (इलाम), १६ माघ
नेपाली काङ्ग्रेसका वरिष्ठ नेता तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले संविधानसभाबाट नै सबै आन्दोलनरत पक्षको माग पूरा हुने बताउनुभएको छ । नेपाली काङ्ग्रेस, इलामको आयोजनामा आज इलाममा भएको बृहत् आमसभालाई सम्बोधन गर्दै उहाँले आन्दोलनरत सबै पक्षलाई वार्तामा आउनसमेत आग्रह गर्नुभयो ।

संविधानसभाको विकल्प नरहेको बताउँदै नेता देउवाले चुनाव भाँड्न खोज्ने जोसुकैलाई सरकारले नछाड्ने उल्लेख गर्नुभयो ।

उहाँले चुनाव नभए नेपाली जनताले आफ्नो भाग्य र भविष्यको फैसला गर्न नपाउने भएकाले यस्तो महान कार्यमा जुट्न सबैलाई आग्रह गर्नुभयो । नेता देउवाले माओवादीलाई हतियारप्रतिको मोह त्यागेर शान्तिपूर्ण व्यवहारमा आउन पनि आग्रह गर्नुभयो। नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति सुशील कोइरालाले जनताको माग पूरा गर्नु नै सरकारको दायित्व हो भन्दै वार्ताद्वारा सबै समस्या हल हुने बताउनुभयो ।

उहाँले माओवादीले २३ बुदे सम्झौताअनुसार कब्जा गरिएका घर जग्गा अझै फिर्ता नगरेको उल्लेख गर्नुभयो। पार्टीका केन्द्रीय सदस्य चक्रप्रसाद बास्तोलाले नेपाल सङ्घीय गणतन्त्रात्मक राज्य भइसकेकाले संविधानसभा सुनिश्चित भएको बताउनुभयो ।नेपाली काङ्ग्रेसका जिल्ला सभापति केशव थापाको सभापतित्वमा भएको सो आमसभा भएको थियो । रासस

# वार्ताका लागि गरिएको आह्वान सुविचारित नभएको

*जनकपुरधाम/ माघ १६* मधेसी जनअधिकार फोरम नेपालका केन्द्रीय संयोजक उपेन्द्र यादवले प्रधानमन्त्री र सात दलीय संयन्त्र समितिद्वारा मधेसमा आन्दोलनरत समूहसँग वार्ताका लागि गरिएको आह्वान सुविचारित नभएको आरोप लगाउनुभएको छ ।

आज यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले सरकार र सात दल मधेसमा फुटको वातावरण सिर्जना गरेर मधेसी जनतालाई पुन:गुलाम बनाउने षडयन्त्र गरिरहेको छ भन्नुभयो ।

एक प्रश्नको जवाफमा उहाँले स्वायत्तता सहितको सङ्घीय शासन प्रणाली, राज्य संयन्त्रका हरेक तहमा मधेसीको सहभागिता र जनसङ्ख्याको आधारमा प्रतिनिधित्व सुनिश्चितता भएमा मात्र मधेसमा संविधानसभाको निर्वाचन सम्भव हुन सक्ने छ भन्नुभयो ।तराईका सशस्त्र समूहसँग फोरमको तत्काल मोर्चा बन्दीको सम्भावना नरहेको स्पष्ट पार्दै संयोजक यादवले सशस्त्र समूहहरूलाई हिंसाको गतिविधिमा बिराम लगाउँदै अहिंसात्मक शान्तिपूर्ण आन्दोलनमा सहभागी हुन पनि आह्वान गर्नुभयो ।

सहसंयोजक जयप्रकाश गुप्ताले फोरम वार्ताप्रति सकारात्मक भए पनि सात दल र सरकारको स्पष्ट दृष्टिकोण नभएका कारण सार्थक वार्ता हुन सकेको छैन भन्नुभयो ।

संयुक्त मधेस मोर्चाद्वारा प्रस्तुत माग सन्दर्भमा सात दल र सरकारको स्पष्ट दृष्टिकोण आएपछि मात्र सार्थक वार्ता हुन सक्ने पनि उहाँले बताउनुभयो । रासस

## बन्द र बम ... ...

यसैबीच सो बम विस्फोटमा परी पर्साका प्रमुख जिल्ला अधिकारी भोला प्रसाद शिवाकोटी , सर्वसाधारण, राजनीतिक दलका नेता गरी ४६ जना घाइते भएका छन् ।बमको छर्रा लागि नेकपा एमाले पर्साका पूर्व सचिव रामचन्द्र महतो, नेपाली कांग्रेस मकवानपुरका सभापति माइकल राचन्द्र अर्याल सामान्य घाइते भएको र घाइते मध्य गम्भीर रहेका ५ जनालाई काठमाडौ रिफर गरिएको नारायणी अस्पताल वीरगंजले जनाएको छ । उता, सभा सकिएपछि फर्कदै गरेको बसलाई लक्षित गराई बाराको परवानीपुरमा समेत बम प्रहार गरिएको छ। सो क्रममा केही यात्रुहरु घाइते भएका छन् । घाइते सबैको नारायणी उपक्षेत्रीय अस्पताल वीरगंजमा उपचार भएरहेको छ ।

उक्त संयुक्त बममोर्चा पर्साको संयोजकत्वमा सम्पन्न भएको थयो । सभालाई नेपाल मजदुर किसान पार्टीका सुनिल प्रजापति, बाममोर्चाका सिपी मैनाली, जनमोर्चाका घनश्याम पौडेल लगायतकाले संबोधन गर्नुभएको थियो । यसैबीच घटनाको जिम्मेवारी तराईमा भूमिगत तीनवटा संगठनले लिएको स्थानीय संचारकर्मीहरुलाई टेलिफोन गरी दाबी गरेका छन् । संयुक्त मधेशी मुक्ति मोर्चा, तराई जनतान्त्रिक मुक्ति मोर्चा ज्वाला र पृथ्वी सिंह समूहले त्यसरी सो विस्फोटको जिम्मेवारी लिएका हुन् ।



## अर्थ जगत

# तीन पक्षलाई कर, किसान मर्कामा

*इलाम/ माघ १६* कुचो निकासीमा तीन पक्षलाई कर तिर्नु परेपछि इलामका कृषक मर्कामा परेका छन् ।मेची राजमार्गअन्तर्गत इलाम जिल्लाको कोलबुङमा पर्ने किटेनी खण्डमा निकासी कर असुल्ने जिम्मा पाएको इलाम जिल्ला विकास समितिका साथै योङ कम्युनिस्ट लिग (वाइसिएल) र लिम्बुवान भोलेन्टियरका नाममा कर तिर्नु परेपछि किसान मर्कामा परेका हुन् ।तीनै पक्षले २० देखि ५० मिटरको फरकमा ढाट राखी निकासी हुने वस्तुहरूमा कर लिँदै आएका छन् । अवैध रूपमा उठाइने कर आतङ्क बन्द गर्ने विषयमा सम्बन्धित पक्षको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय बैठक भई सम्झौता भए पनि कर लिने कार्य भने विगत १० महिनादेखि भइरहेको पीडित कृषकहरूले बताए ।अहिले कुचो निकासीको समय भएकाले तीनै पक्षले निकासी कर सङ्कलन कार्य तीव्र पारेको देखिएको छ । सो मार्ग भएर दैनिक दुई दर्जनभन्दा बढी ट्रकबाट कुचो निकासी भइरहेको थाहाभएको छ ।कुचो निकासीमा प्रति ट्रक इलाम जिल्ला विकास समितिलाई कृषकले रु.दुई हजार ४००।- बुझाउनुपर्छ । यसबाहेक प्रति ट्रक लिम्बुवान भोलेन्टियरले रु.एक हजार ८००।- र वाइसिएलले रु.एक हजार ५००।- लिने गरेका छन् । यी सबै कर कटाएर मात्र व्यापारीले कुचो खरिद गर्ने गरेकाले आफूहरू समस्यामा परेको कृषकहरूको भनाइ छ । इलाम जिल्लाबाट वार्षिक रूपमा ३५० ट्रकभन्दा बढी कुचो निकासी हुने गरेको छ । रासस

# पार्टी फुटाउने क्रियाकलाप गरिरहेको आरोप : मण्डल

जनकपुरधाम, १६ माघ नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)का वरिष्ठ उपाध्यक्ष खुशीलाल मण्डलले नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी)ले आफ्नो पार्टीमा अनुशासनहीनतालाई प्रश्रय दिई पार्टी फुटाउने क्रियाकलाप गरिरहेको आरोप लगाउनुभएको छ ।


उपाध्यक्ष मण्डलले सरकार संविधानसभा निर्वाचनसन्दर्भमा सम्पूर्ण दोष मधेसलाई दिएर निर्वाचन नगराउने पक्षमा रहेको आरोप लगाउँदै संविधानसभाको निष्पक्ष निर्वाचनका लागि अन्तरिम व्यवस्थापिकाको विघटन आवश्यक भएको धारणा व्यक्त गर्नुभयो ।

पार्टीको साधारण सदस्यताबाट समेत निष्कासन गरिसकिएका व्यक्तिलाई प्रोत्साहन दिएर सरकारले राजनीतिक भूल गरिरहेको पनि उहाँले उल्लेख गर्नुभयो । रासस





सभाबाहीर बम बिष्फोटबाट घाईते । *तस्वीर: राम क्षेत्री*



## विश्व समाचार

# सु कीलाई कार्यकर्ता भेट्न दिइयो

*याङ्गुन/ माघ १६* हिरासतमा रहेकी प्रजातन्त्रवादी नेत्री आङ सान सु कीलाई बुधबार याङ्गुनस्थित स्टेट गेस्ट हाउसमा उहाँको नेसनल लिग फर डेमोक्रेसीका वरिष्ठ सदस्यहरूसँग भेटघाट गर्न दिइएको सरकारी स्रोतहरूले पुष्टि गरेका छन् ।

सु कीलाई दिउँसो १ बजेतिर लेकसाइडस्थित उसको घरबाट सुरक्षासहित गाडीमा हालेर लगिएको थियो । सु कीले स्टेट गेस्ट हाउसमा पार्टी अध्यक्ष आङ स्वे र सचिव उ लिवीनसहित सात केन्द्रीय सदस्यहरूसँग भेटघाट गर्नुभएको बताइएको छ ।

गएको अगस्ट र सेप्टेम्बरमा १५ व्यक्तिको ज्यान जाने गरी भएको विशाल जन प्रदर्शनपछि सैनिक सरकारले पार्टी नेताहरूसँग भेटघाट गर्न सु कीलाई अवसर दिएको यो दोस्रोपटक हो । रासस

# अफगान सिनेटद्वारा पत्रकारमाथिको मृत्युदण्ड सदर

*काबुल/ माघ १६* इस्लाम धर्मप्रति अनास्था पैदा गर्ने काम गरेको अभियोगमा अदालतद्वारा एक संवाददाता एवम् पत्रकारिता विद्यार्थीविरुद्ध सुनाइएको मृत्युदण्डको सजायलाई अफगानिस्तानको सिनेटले अनुमोदन गरेको छ । मेसरानो जिर्गा (पाकाहरुको सदन)ले मङ्गलबार एक वक्तव्य जारी गरी बाल्क प्रान्तको प्राथमिक अदालतले दिएको उक्त फैसलालाई समर्थन दिएको छ र यस मामिलामा देखिएको अन्तरराष्ट्रिय दबाबको आलोचना गरेको छ ।त्यस अदालतले २३ वर्षीय परवेज कामवक्सलाई इन्टरनेटबाट डाउनलोड गरी इस्लामविरोधी लेख रचनाहरु आफ्ना सहपाठीहरुलाई बाँडेको र इस्लाम धर्मप्रति अनास्था पैदा गरेको अभियोग लगाएको थियो ।

"मेसरानो जिर्गाले परवेज कामवक्सविरुद्ध अदालतले दिएको मृत्युदण्डको सजायलाई अनुमोदन गर्दछ, जो इस्लामको अवमूल्यन गरेको र कुरानको अपव्याख्या गरेकोमा दण्डका भागी भएका छन् ।" सिनेटले आफ्नो वक्तव्यमा भनेको छ ।

यो वक्तव्यमा सिनेट प्रमुख सिब्घातुल्ला मुजाडेडीको हस्ताक्षर छ, जो सन् १९९० को दशकमा छोटो अवधिका लागि राष्ट्रपति समेत भएका थिए । रासस

## सानो गल्तीका

उदयनेपाली श्रेष्ठको अध्यक्षतामा आज सम्पन्न उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी डा. कमलेश्वर सिन्हा, बुद्धिजीवि फोरमका उपाध्यक्ष उमेशलाल दास, कलावती देवी लगायतले बोल्नु भएको थियो ।

## अन्य घाइते भएकाहरू

यादव , चन्द्रिका यादव , मन बोध राम , गौरि शंकर तिवारी , बिगु राउत अहिर , आरथी प्र यादव , गरज राउत , कवही बाराका बकिल प्र यादव ,ईस्लाम मियाँ , प्रसौनी बाराका राज बहादुर कटवाल , पर्सा वागवानाका बिरेन्द्र महत्तो थारु , पर्सा प्रसौनी का रजिंत यादव , बहुअरी सत्य नारायण प्रसाद रौनियार , बाराको खुटवा प्रसौनी का रामबाबु महत्तो , बाराको छाता पिपराका देवा नन्द चौधरी , पर्साको कवहीका अलि अहमद देवान ,बाराको सिमराका दशवती चौधरी , सोथिया चौधरि , बीउमनपा १८का दयानन्द उपाध्याय , १४का बालकृष्ण बस्नेत , १७ का अबदुल बरिम अंसारी लगायतका रहेका छन् ।

## पुरातात्विक ... ...

व्यक्तिहरुको खोजतलास गरिरहेको जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी नायव उपरीक्षक नरवहादुर केसीले वताउनु भयो । यस अघि पनि धनकुटा जिल्लाका तीन वटा मन्दिरहरुमा घण्टीहरु चोरी भएको थियो । रासस

## शृंखलाबद्ध वम ... ...

महेन्द्रमाथि मात्र बम प्रहार गरेको होइन, शोषणको विरुद्धमा लडेको हो भन्नुभयो। सो अवसरमा पत्रकार राजेश्वर नेपालीले जगदीश ठाकुरद्वारा लिखित 'वंशवादमा नेपाल' नामक पुस्तकको विमोचन गर्नुभयो। रासस

## शृंखलाबद्ध वम ... ...

लगायतका ठाउमा वम विष्फोट भएको जनाइएको छ। वम विष्फोटको तराईमा भूमिगत विभिन्न संगठनहरुले जिम्मा लिएका छन् । यसैवीच बाल संरक्षण नेपाल दहियार-३ बाराले बुधवार विज्ञप्ति जारी गरी कलैयामा भएको वम विष्फोटको भर्त्सना गरेको छ । नेपालका महासचिव सन्तोष पाण्डेले वम विष्फोटको निसाना बालबालिकालाई वनाइएकोमा गम्भीर चिन्ता व्यक्त गर्दै आइन्दा यस्ता कृयाकलाप नदोहऱ्याउन तराईमा संघर्षरत सवै पक्षलाई आग्रह गर्नु भएको छ ।

## पाठेघर खस्ने ... ...

बेहोरिरहेका महिलाको जिल्ला भेलाले पाठेघर खस्ने रोगबाट ग्रसित महिलालाई स्थानीय स्तरमा नि:शुल्क उपचारको व्यवस्था सरकारले मिलाउनुपर्ने माग गऱ्यो ।

मञ्चका अध्यक्ष श्यामदेवी सिंहको अध्यक्षतामा भएको सो भेलामा नेकपा (एमाले)का जिल्ला सचिव लीलानाथ श्रेष्ठ, ओरेक गैरसरकारी संस्थाका सिरहा संयोजक श्यामकुमारी साह, मोती राई, विनोद चौधरी, सञ्चारकर्मी राजेशप्रसाद वर्मालगायतका वक्ताले पाठेघर खस्ने समस्याबाट पीडित महिलाका अभिभावकले समयमा उपचार नगरिदिँदा महिला नारकीय जीवन बिताउन बाध्य भएको बताउनुभयो । भेलाअघि 'बालविवाह अन्त्य गरौँ, बच्चादानीको रक्षा गरौँ", महिलाको कार्यबोझ घटाउ, बच्चादानी खस्नबाट बचाउ, पाठेघर खसेको महिलालाई घृणा होइन माया गर" भन्ने जस्ता नारा लेखिएका प्लेकार्डसहित निस्केको ग्रामीण महिलाको एक जुलुसले नगरक्षेत्रको परिक्रमा गरेको थियो । भेलाले पीडितको समस्या समाधानका लागि दबाव दिने उद्देश्यले विभिन्न चरणको आन्दोलनको घोषणासमेत गरेको छ । रासस

## विदेशी विनियम दर रेट

| मुद्रा | एकाइ | खरिददर (रु मा) | विक्रीदर (रु मा) |
|---|---|---|---|
| भारतीय रुपैयां | १०० | १६० | १६०.१५ |
| अमेरिकी डलर | १ | ६३.१४ | ६३.७६ |
| युरो | १ | ९२.६० | ९३.५० |
| पाउन्ड स्टर्लिङ | १ | १२४.८९ | १२६.०७ |
| स्विस फ्रैंक | १ | ५७.६० | ५८.१९ |

## आजको रासिफल

| | | | |
|---|---|---|---|
| मेष | बाहनसुख मिल्ने | तुला | प्रेममा सफलता मिल्ने छ। |
| बृष | आफन्तजनबाट सहयोग मिल्ने | वृष्चिक | साथीभाईमा विवाद |
| मिथुन | यात्राको सम्भावना | धनु | स्वास्थ्योपचारमा खर्च हुने |
| कर्कट | महत्वपूर्ण काम बन्ने | मकर | भय आशंका पलाउने |
| सिंह | मनमा चिन्ता वढनेछ। | कुम्भ | शुभ यात्रा हुने |
| कन्या | आफ्नै प्रयासबाट काम वन्ने। | मीन | व्यवसायबाट आम्दानी |

## आमन्त्रण

जिल्ला खेलकुद विकास समितिको तत्वावधानमा बारा ब्याडमिन्टन संघले आयोजना गर्न लागेको अन्तर मा.वि. तथा **U 16** ब्याडमिन्टन प्रतियोगितामा सहभागी हुनका लागि आमन्त्रण गरिन्छ ।

खेल संचालन मिति: २०६४/११/५ गते देखि ७ गते सम्म
खेल स्थान: सिद्धेश्वर कवर्डहल
थप जानकारीको लागि: ९८४५०३७००३, ९८४५१२८१८४

**आयोजक**
**बारा ब्याडमिन्टन संघ**

## आजको सुनचाँदीको मूल्य विवरण

| विवरण | १० ग्राम |
|---|---|
| छापा सुन | १८,७७९/- |
| तेजावी सुन | १८,६६१/- |
| असल चाँदी | ३४५।- |

नेशनल मेडिकल कलेज नै किन ?
यस अस्पतालका विशिषताहरू:
सबै रोगको अत्याधुनिक मेशिनबाट सुक्ष्म उपचार
स्वदेशी तथा विदेशी दक्ष चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण
सम्पूर्ण रोगको अलग-अलग विशेषज्ञहरूद्वारा उपचार
यसका अलावा सम्पूर्ण सुविधाबाट सुसज्जित

नेशनल मेडिकल कलेज
वीरगंज-१८, भेडियाही, पर्सा
फोन नं. ०५१-५३२२६०, ५३२२६१, ५२२९३६

## मेरो नेपाल



बीरगंजमा सात दलले आयोजना गरेको सभामा सरिकहुन गाउं गाउंबाट आएका कार्यकर्ताहरुलाई चेक जांच गर्दै प्रहरी। *तस्वीर: राम क्षेत्री*

## तिमिल्सिनाको चटनी



*खाएपछि त नूनको सोझो गर्नु*
*नेपालीको धर्म हो*
*देशको भूगोल यस्तो छ*
*यो नै हाम्रो असल मर्म हो*
*बस्नेलाई रीतपूर्वक*
*नागरिकता त दिनैपर्छ*
*यो न बुझ्*
*राष्ट्रियता बेची मेरा भारत*
*महान भन्नै पर्छ।*

## चुरे पहाडबाट हेर्दा अचम्म छ बा ...



संविधान सभाको निर्वाचनकालागी जनचेतनामा लागेका सत्ता साझेदार राजनैतीक दलका नेताहरुको सामुहीक भेलालाई समेत सुरक्षा संयन्त्रको अत्यधिक उपस्थितिबाट नियन्त्रण गर्न असमर्थ रहेको यहांका सुरक्षा निकायहरुको कृयाकलाप हेर्दै सुलसुलेले भन्यो - तस्करहरुको दलाली खानु र अपराधीक गिरोहहरुलाई परिचालन गर ी अपराध गराउनु बाहेक अरुक्षेत्र तर्फ निश्क्रिय रहेका भुंडे सुरक्षा प्रमुखहरु हुनु भन्दा न हुनु नै बेस।

# राष्ट्रिय सहिद दिवसको अवसरमा देशभर विभिन्न कार्यक्रम
## सहिदको सपना साकार बनाउन लाग्नु पर्ने प्रधानमन्त्रीको धारणा

कृपा संवाददाता -------------
कलैया, १६, माघ/ परमपरागत रुपमा मनाउदै आइएको सहिद दिवस बुधबार देशभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ।

जहांनिया राणा शासकका विरुद्ध आन्दोलन गरेकोमा राणा शासकले तत्कालिन समयमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल जोशीलाई फासीको सजाय सुनाएपछि उहांहरुको स्मृति बनाई माघ १६ गते सहिद दिवस मनाइदै आइएको हो।

सहिद दिवसका अवसरमा देशभर विभिन्न कार्यक्रम भएका छ। बारा जिल्लामा समेत विभिन्न दलका भातृ संगठनहरुले सहिद दिवस विभिन्न कार्यक्रम गरि मनाएका छन्। त्यसैगरी नेवि संघ पर्साले पनि सहिद दिवस मनाएको छ।

यसैगरी कांठमाडौंमा विभिन्न कार्यक्रम गरी सहिद दिवस मनाएको छ। सहिद दिवसको अवसरमा प्रधानमन्त्री गिरीजा प्रसाद कोइराला सहिदको सपना साकार बनाउने बेला आएको कुरा गर्नुभएको छ। सहिद दिवसकै अवसरमा एक प्रेस विज्ञप्ती जारी गरी यस्तो कुरा बताउनुभएको हो। उहांले सहिदले देखाएको बाटोमा आफूहरु कुनैपनि हालतमा लाग्नु पर्ने कुरा बताउनु भयो। कोइरालाले सहिद लोकतन्त्रका हुन वा जुनसुकै सबैको सपना साकार बनाउनका लागि संविधान सभाको चुनाव आवश्यकता भएको कुरामा जोड दिनुभएको छ।

कोइरालाले सबै मिलेर समस्या समाधान गर्नुपर्ने कुरा बताउदै तराईमा भूमिगत आन्दोलन गरी रहेका सबैलाई वार्तामा आउन आग्रह गर्नुभएको छ। संविधान सभाको निर्वाचन चैत्रमा सम्पन्न नभए देशमा अराजकता बढेदै गई प्रतिगामीहरु हाबी हुने कुरा गर्नुभएको छ। सहिद दिवसको अवसरमा रौतहट, सर्लाही, मकवानपुर, चितवन लगायतका जिल्लाहरुमा विभिन्न कार्यक्रम भएको बताइएको छ।



# निर्वाचनको हाम्रो प्रयासमा
## भारतले रचनात्मक भूमिका निर्वाह गर्ने विश्वास व्यक्त


काठमाडौं, १६ माघ। गृहमन्त्री कृष्णप्रसाद सिटौलाले मुलुकको शान्ति प्रक्रियालाई सफलतापूर्वक टुङ्गोमा पुऱ्याउन र आगामी चैतमा हुने संविधानसभा निर्वाचनको हाम्रो प्रयासमा भारतले रचनात्मक भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

भारतीय समाचार समिति प्रेस ट्रस्ट अफ इन्डियालाई आज दिनुभएको अन्तरवार्तामा उहाँले २०६३/६३ को नेपालको जनआन्दोलनमा भारत सरकार र भारतीय जनताले नैतिक एवं राजनीतिक समर्थन गरेको तथा संविधानसभाको निर्वाचन र शान्तिप्रक्रियाका लागि भारतबाट निर्णयात्मक सहयोग प्राप्त हुँदै आएको बताउनुभयो। गृहमन्त्रालयलाई शान्तिसुव्यवस्था कायम गर्न भारत सरकारले विभिन्न ढङ्गले सहयोग गर्दै आएको उल्लेख गर्दै गृहमन्त्रीले 'हालै उसले एकहजार एकसय सवारीसाधन र विभिन्न सञ्चार उपकरण गरी रू एक अर्ब तीस करोड बराबरका सामग्री नेपाललाई प्रदान गरेको छ'भन्नुभयो।

संविधानसभा निर्वाचनको तयारीका लागि पनि भारतले पर्याप्त सहयोग दिइरहेको उल्लेख गर्दै श्री सिटौलाले निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नका लागि उसको उल्लेख्य सहयोग रहिरहेको बताउनुभयो।

विनाव्यवधान नेपालमा संविधानसभाको निर्वाचन सम्पन्न होस् भन्ने पक्षमा भारत रहेको आफूलाई लागेको पनि उहाँले व्यक्त गर्नुभयो।

एकप्रश्नको जवाफमा उहाँले देशका यावत् समस्या हामी आफैँले समाधान गर्नुपर्छ भन्दै तराई क्षेत्रमा हाल देखिएका समस्या समाधानमा पनि भारतले सहयोग गर्नेमा आफू विश्वस्त रहेको बताउनुभयो। ऐतिहासिक



संविधानसभाको निर्वाचन सम्पन्न गर्न देशका सबै व्यावसायिक सङ्गठन तथा सङ्घर्षरत जातीय एवं क्षेत्रीय समूहले योगदान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। राष्ट्र निर्माणका लागि अपरिहार्य संविधानसभा निर्वाचनका निम्ति अनुकूल वातावरण तयार गर्नु सबै राजनीतिक दल, जातीय समूह तथा सबै क्षेत्रीय समूहको कर्तव्य हो-सिटौलाले भन्नुभयो। रासस

# इन्द्रेणी एफ.एम.मा बम विष्फोट

**वीरगञ्ज,१६ माघ/सातदलले गरेको संयुक्त आमसभाको मिडिया पार्टनर रहेको जनाउँदै इन्द्रेणी एफ.एम.मा बम विष्फोट गराइएको छ।एफ.एम.को मुख्य प्रवेशद्वारमा गराइएको सुतली बम विष्फोटबाट कुनै मानविय तथा भौतिक क्षति भने भएको छैन।**

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) का प्रकाशले फोन गरी एफ.एम.ले आमसभालाई प्रसारण गरेको र आमसभाको मिडिया पार्टनर रहेकाले विष्फोट गराएको बताएका छन्।त्यसैगरी परवानीपुरबाट तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका सैन्य कमाण्डरलाई पक्राउ गरेको पर्सा प्रहरीले दावी गरेको छ।**

**पक्राउ परेका कुश्वाहा मोर्चाका सुल्तान भनिने एरिया इन्चार्ज रहेका र परवानीपुरमा चेकजांचको क्रममा पक्राउ परेका नन्द प्रसाद कुश्वाहा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका रहेको उनिसंगबाट बरामद गरिएका दस्तावेजबाट खुल्न आएको प्रहरीले बताए।**

# पुरातात्विक वस्तु चोरी

धनकुटा, १६ माघ। धनकुटा सदरमुकाम स्थित विहिवारे हटियामा रहेको ऐतिहासिक मार्गा थानमा रहेको ऐतिहासिक तथा पुरातात्तिक बस्तुहरु गएराति चोरी भएको छ।

आदिवासी आठपहरिया राईहरुको धार्मिक महत्व बोकेको मार्गा थानमा रहेको ऐतिहासिक ताम्रपत्रहरु,चार वटा घण्टीहरु लगायत ऐतिहासिक तथा पुरातात्तिक महत्वको वस्तुहरुको चोरी भएको आठपहरिया किरात राई समाजका अध्यक्ष गहेन्द्र राईले वताउनु भयो।

सोही परिषदमा रहेको आठपहरिया किरात राई समाजको भवनमा तोडफोड गरी विभिन्न कागज पत्रहरु नष्ट गरिदिएको पनि प्रहरीले जनाएको छ।

घट्नाको अनुसन्धान गरी उक्त घट्नामा संलग्न

- शेष: पृष्ठ ३ मा

# सानो गल्तीका कारण ठूलो गल्ती भईरहेकों- न्याधिस गिरिश

■कृपा संवाददाता ———
वीरगंज १६ माघे / बारा जिल्ला आदालतका न्याधिस गिरिश कुमार शर्माले कर्मचारीको सानो सानो गल्तीका कारण ठूलो गल्ती भईरहेको बताउँदै त्यसलाई सच्याएर काम गर्न कर्मचारीहरुलाई आग्रह गर्नु भयो। ग्रामिण विकास प्रतिष्ठान र जनजागरण युवा क्लबको आयोजनामा आज देखि कलैयामा शुरु भएको सुसाशन सम्बन्धी ६ दिने तालिमको उद्घाटन समारोहमा यस्तो बताउनु भएको हो। तालिममा बाराका सरकारी कार्यालय प्रमुख, प्रतिनिधि, नागरिक समाजका अगुवा लगायतका सहभागिहरुलाई उदयनेपाली श्रेष्ठ, कर्ण थापा, शिव कुमार श्रेष्ठले प्रशिक्षण दिनु भइरहेको छ। ग्रामिण विकास प्रतिष्ठानका सल्लाहकार

- शेष: पृष्ठ ३ मा

# समाचार संक्षेप

## चियापान कार्यक्रम सम्पन्न

■कृपा संवाददाता———
कलैया, १६ माघ / नेपाल स्वतन्त्र मजदुर युनियन केन्द्रीय कमिटिको आयोजनामा मनमोहन मजदुर भवन पुतली सडकको सभाहल "नेस्वयुको २९ औं स्थापना दिवसको समारोहमा" शुभ कामना तथा चियापान कार्यक्रम" युनियनको केन्द्रीय अध्यक्ष दिनेश राईको अध्यक्षतामा सम्पन्न भएको छ।

सो समारोहको प्रमुख अतिथि जिफन्टको महासचिव विनोद श्रेष्ठले नेस्वभयुको स्थापना हुदाको अवस्थाको चर्चा गर्दै वर्तमान अवस्थामा युनियनको चुनौतीको वारेमा विशेष ध्यान पुऱ्याउनु पर्नेमा जोड दिदै आन्तरिक संगठनात्मक अवस्थालाई वलियो वनाउनु भएको थियो।

त्यसैगरी जिफन्टको उपमहासचिव उमेश उपाध्यायले नेपाल सिंगो ट्रेड युनियन आन्दोलनमा नेस्वमयु कोसेढुङ्गे सावित भएको धारणा राख्नु भएको थियो भने, जिफन्ट क्षेतिय संयोजक उद्धव केसी, घटक संघहरुको तर्फबाट तथा स्वमसंगठनको महासचिव विदुर कार्की, जिफन्ट अंचल अध्यक्ष दिपक पौडेलले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रम संचालन नेस्वयमयु केन्द्रीय कोषाध्यक्ष राजेन्द्र भूजेलले गर्नु भएको थियो।

कार्यक्रम समापन पश्चात सम्पूर्ण सहभागीहरुलाई चियापान कार्यक्रममा सहभागी भएका थिए।

## बसमा ढुंगा हान्ने पक्राउ

■कृपा संवाददाता———
कलैया, १६ माघ / सवारी साधनमा ढुंगा प्रहार गरी तोडफोड गरेको आरोपमा सोमवार प्रहरीले मकवानपुर धियाल गाविस वडा नं. ८ वस्ने ५ जनालाई पक्राउ गरेको छ।

बारा डुमरवाना गाविसको हात्तीसारमा विवाह कार्यक्रममा सहभागी भई निजगढ तर्फ फर्कदै गर्दा पथलैया-निजगढ सडकखण्ड अन्तर्गत पसाहा पुल नजिकै ढुंगा प्रहार गरी क्षति पुऱ्याईएको भन्दै सशस्त्र प्रहरीको गस्तीटोलीले उनीहरुलाई साँझ पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा हिरा हुमागाई, नवराज वाँस्कोटा, सन्तोष अधिकारी, च्याङ्गबा थिङ्ग र एक नाम खुल्न नसकेको युवा रहेका छन। उनीहरु सँगै रहेका अर्का एक यात्रुले वसमा ढुंगा प्रहार गरी भागेपछि निर्दोष युवाहरुलाई प्रहरीले पक्राउ गरेको धियाल -८ का लव कुमार थिङ्गले जानकारी दिनु भयो।

नेपाल आयल निगम अमलेखगंज डिपोले पेट्रोलियम पदार्थ नदिएको भन्दै मंगलवार त्रिभवन राजपथको अमलेखगंजमा ट्यांकर चालकहरु १ घण्टा सडक जान गरेको छ। अमलेखगंज डिपोले निगम सँग तेल नभएको वताउदै केही दिन देखि पेट्रोल पम्पहरुलाई पेट्रोलियम पदार्थ दिएको छैन।

## काठ तस्कर र गस्ती टोलीबीच भिडन्त

■कृपा संवाददाता———
कलैया, १६ माघ / बारा जिल्लाको हरैया गाविसको वन क्षेत्रमा सहजनाथ साझेदारी वन व्यवस्थापन समितिको गस्ती टोली र काठ तस्कर विच भिडन्त भएको वताइएको छ।

गस्तीमा गएको वन गस्ती टोली र काठ तस्कर वीच हरैया गाविसको रामनगर वन क्षेत्रमा भिडन्त भएको सहजनाथ साझेदारी वन व्यवस्थापन समितिका जंगवहादुर साहले जानकारी दिनु भयो। भिडन्तको क्रममा ४० वर्षीय काठ तस्कर रविन्द्र यादव घाइते भएको पनि उहाँले जानकारी दिनु भयो।

घाइते अवस्थामा रहेका यादवलाई थप उपचारार्थ वीरगंज स्थित नारायणी अस्पतालमा पठाइएको छ। काठ तस्करले छाडेको ९ थान काठ समेत गस्ती टोली वरामद गरेको वताइएको छ।

## अंकुश दैनिकआठौं वर्षमा प्रवेश

■कृपा संवाददाता ———
वीरगंज १६ माघ / वीरगंजबाट प्रकाशित भइरहेको अंकुश दैनिक बुधवारबाट आठं वर्षमा प्रवेश गरेको छ।

वुधवार विहान सो दैनिकको कार्यालय रेडक्रस भवनमा एक कार्यक्रमको आयोजना गरी सो वारेमा जानकारी गराइएको हो। अंकुश दैनिकले वीरगंजको संचार क्षेत्रमा पुऱ्याएको भूमिका वारे सो अवसरमा वरिष्ठ पत्रकार जगदीश शर्मा, प्रेस चौतारीका मध्यमाञ्चल उपाध्यक्ष महेश दास, प्रेस युनियन पर्साका अध्यक्ष काशिनाथ यादव लगायतकाले चर्चा गर्नु भएको थियो।

सो अवसरमा वीरगंजका संचारकर्मीका अलावा प्रेस काउन्सिलका केन्द्रिय सदस्य एवं पत्रिकाका प्रवन्ध निर्देशक दिपेन्द्र चौहान लगायतकाको उपस्थिति रहेको थियो।

अंकुश दैनिक वीरगंजबाट प्रकाशित भइरहेको दोस्रो दैनिक पत्रिका हो। सो पत्रिका पछि हाल वीरगंजमा एक दर्जन भन्दा वढी पत्रिकाहरु प्रकाशित छन्। पर्सेली संचार क्षेत्रमा अंकुश दैनिकले पुऱ्याएको भूमिका बारे सो पत्रिकाको वार्षिकोत्सवको अवसरमा उपस्थित संचारकर्मीहरुले टिप्पणी गरेका थिए। यद्यपी कार्यक्रम भने अनौपचारिक गरिएको वताइएको थियो।